पब्लिक टुडे २०७२ वैशाख ९ गते बिहीवार

नेपाल सरकार

# बर्दिवास नगरपालिका कार्यालय

बर्दिवास, महोत्तरी

## सूचना ! सूचना !! सूचना !!!

यस नगरपालिका क्षेत्र भित्र निर्माण हुने भवनहरुको नक्सा पास गर्ने कार्य केही अवधिदेखि प्राविधिक कारणले हुन नसकेकोमा यस कार्यालयमा मिति २०७२/१२/२२ मा बसेको सर्वदलीय, सर्वपक्षिय बैठक र नगरबोर्डको निर्णय अनुसार बस्ती विकास, सहरी योजना तथा भवन निर्माण सम्वन्धि आधारभुत मापदण्ड पुरा गरी निर्माण हुने र भएका भवन संरचनाहरुको नगरपरिषदबाट पारित नक्सा पास दस्तुर लिई नक्सा पास र नियमित गर्ने र नगरपालिका गठन हुनु पूर्व निर्माण भएका भवनहरुलाई भवन निर्माण मापदण्डको दफा ८ मा भएको व्यवस्था बमोजिमको प्रक्रिया पुरा गरी २०७३ साल आषाढ मसान्त सम्म नगरपरिषदबाट पारित नक्सा पास दस्तुरको आधा दस्तुर र सो पछाडी २०७३ भाद्र मसान्त सम्म नक्सा पास दस्तुर बमोजिमको दस्तुर लिई तपसिल अनुसारको नक्सा पासको प्रक्रियालाई अबलम्वन गरी घरका नक्सा सहितको पुरानो घरको अभिलेखीकरण गर्ने भनी निर्णय भएकोले सो बमोजिम गर्नु गराउनु हुन सम्वन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। साथै तोकिएको अवधि पश्चात पुराना घरको अभिलेखीकरण समेत नहुने, नगरिने भएकोले म्याद भित्र पुराना घरको अभिलेखीकरण गर्नु गराउन हुन अनुरोध छ ।

### नक्सा पास प्रक्रिया

१. भवनको नक्सा सहित निवेदक आफैं वा वारेसद्वारा तोकिएको ढाँचामा आवश्यक कागजात सहित निवेदन दिनु पर्ने ।
२. प्राविधिकबाट मापदण्ड अनुसार नक्सा भए नभएको अध्ययन र जाँचवुझ हुने ।
३. निवेदन प्राप्त भएको ७ दिन भित्र कार्यालय, भवन निर्माण स्थलमा र सधियार समेत राखी १५ दिने सूचना टाँस गरिने ।
४. सूचना टाँसको मुचुल्का गर्नु पर्ने ।
५. सूचना टाँस भएको १५ दिन पछि स्थलगत सर्जमीन र प्राविधिक, अमिन र वडा सचिवबाट संयूक्त रुपमा जाँचवुझ हुने ।
६. प्राविधिक, अमिन र वडा सचिवबाट संयूक्त रुपमा प्रतिवेदन पेश हुनु पर्ने ।
७. सूचना टाँसमा कुनै पनि उजुरी नपरी भवन निर्माण गर्न मिल्ने भनी प्राविधिक प्रतिवेदन पेश भएमा शुरुमा डि.पि.सि.लेभलसम्मको घर निर्माण र अनुमति पत्र प्रदान गरिने । त्यस पछि प्रक्रिया अनुसार हुने ।
८. प्राविधिक प्रतिवेदनबाट भवन निर्माण गर्न दिन उपयुक्त नभएमा जाँचवुझ भएको ७ दिन भित्र निवेदकलाई जानकारी दिने ।
९. भवन निर्माण गर्न अनुमति पाएको २ वर्ष भित्र निर्माण कार्य सम्पन्न गरी सक्नु पर्ने । त्यसपछि थप दस्तुर लिई २ वर्षसम्मको म्याद थप हुन सक्ने ।
१०. भवन नक्सा पास नियम उल्लंघन गरेमा १ लाखसम्म जरिवाना हुने ।
११. मापदण्ड पुरा नगरेका, नक्सा अनुसार घर/भवन निर्माण नगरी हेरफेर गरेका, सार्वजनिक जग्गा, बाटो, मन्दिर, चौक, ढल, नाला, पोखरी आदि मिचेको पाईएमा त्यस्ता भवन वा केही भाग भत्काउन लगाउने र अटेर गरी नभत्काएमा नगरपालिका आफैले भत्काई भत्काउन लागेको खर्च असुल उपर गरिने ।

कार्यकारी अधिकृत